रामेछाप जिल्ला अदालत

तहसिल शाखा

# दण्ड जरीवाना वा सरकारी विगो तिर्ने बुझाउने सम्बन्धि सूचना

## सूचना प्रकाशित मिति २०७५।०२।०६

प्रस्तुत सम्वन्धमा सम्मानित श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय, वबरमहल काठमाडौको च.नं. २७८ मिति २०७५।०२।०२ गतेको पत्रानुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३५ (१) को प्रयोजनका लागी मुलुकी ऐन, दण्ड सजायको महलको २४ नं. को अधिनमा रहि अन्तिम फैसला वमोजिम कायम भएको कैद, जरिवाना वा सरकारी विगो सूचना प्रकाशन भएको मिति देखि मिति २०७५ साल श्रावण मसान्त भित्र बुझाउन आएमा देहाय वमोजि छुट दिने केन्द्रीय लगत कट्टा समितिको बैठक वसी निर्णय भएकोले सो निर्णय अनुसार तिर्न बुझाउन बाकी रहेका व्यक्तिहरु यस अदालतमा उपस्थित भइ आफुलाइ लागेको दण्ड जरिवाना वा सरकारी विगो तिर्नु बुझाउनु भइ लगत काट्टा गर्नु हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा सवैको जानकारीको लागी अनुरोध गरिन्छ । अन्य थप जानकारीको लागी रामेछाप जिल्ला अदालतमा सम्पर्क राख्नु हुन ।

<u>तपसिल</u>

(क) सूचना प्रकाशन भएको मितिले ५० वर्ष भन्दा अघिको अन्तिम फैसला वमोजिमको लगतमा ७५ प्रतिसत छुट,

(ख) सूचना प्रकाशन भएको मितिले ३० वर्ष भन्दा अघि ५० बर्ष सम्मको अन्तिम फैसला वमोजिमको लगतमा ५० प्रतिसत छुट,

(ग) सूचना प्रकाशन भएको मितिले २० वर्ष भन्दा अघि ३० बर्ष सम्मको अन्तिम फैसला वमोजिमको लगतमा २५ प्रतिसत छुट।